# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड-९, संख्या-३, मितिः २०८२।०३।११**

## भाग-१

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**गाउँ सभाबाट स्वीकृत मितिः २०८२।०३।११**

हतुवागढी राजपत्र

# हतुवागढी गाउँपालिकाको विनियोजन विधेयक,२०८२

**हतुवागढी गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाँट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२**

**प्रस्तावना**

**हतुवागढी गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,**

**नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम हतुवागढी गाउँसभाले यो विधयेक बनाएको छ।**

१.संक्षिप्त नाम र प्रारम्भः

(१)यस ऐनको नाम "**हतुवागढी गाउँपालिका विनियोजन ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा:-

क. "**गाउँसभा**" भन्नाले हतुवागढी गाउँपालिकाको सभालाई संझनु पर्दछ।

ख. "**कार्यपालिका**" भन्नाले हतुवागढी कार्यपालिकालाई संझनु पर्दछ।

ग. "**वडा समिति**" भन्नाले हतुवागढी गाउँपालिकाको वडा समिति संझनु पर्दछ ।

घ. "**विषयगत शाखा**" भन्नाले हतुवागढी गाउँपालिका अन्तर्गतको शाखा, आयोजना सचिवालय, इकाई, कार्यालय तथा प्रशासनिक इकाईलाई समेत संझनु पर्दछ।

ङ. "**संचित कोष**" भन्नाले हतुवगढी गाउँपालिकाको संचित कोषलाई संझनु पर्दछ।

३. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त हतुवगढी गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४८,८९,८०,५७३अक्षेरुपी रुपैयाँ अठ्चालिस करोड) १५. उनान्नब्बे लाख असी हजार पाँच सय त्रिहत्तर पैसा पन्ध्र मात्र| ) (वित्तिय व्यवस्था, समानीकरण, राजश्व बाँडफाँड, सशर्त, समपुरक, विशेष अनुदान, आन्तरिक आय र अल्या सहित) मा नघटाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

हतुवागढी राजपत्र

**४. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को लागि हतुवागढी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

हतुवागढी राजपत्र

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**आज्ञाले**
**महेश निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**

हतुवागढी राजपत्र